# SHIVAM CEMENT LIMITED

SHIVAM CEMENT
ASALI OPC CEMENT
SINCE 2003

Hetauda-16, Makawanpur, Nepal
**Corporate Office :** Siddhartha Insurance Bhawan, 2nd Floor, Anamnagar, Kathmandu
**GPO Box** 13478, **Tel:-** +977-01-5705993/5706804 **Fax:** +977-01-5706804
**Web :** www.shivamcement.com.np, **E-mail:** info@shivamcement.com

## Unaudited Statement of Financial Position As At 13th Apr, 2023 (Chaitra 30, 2079)

| Particulars | Shivam Cements | | |
|---|---|---|---|
| | 13th Apr 2023 (Chaitra 30, 2079) | 14th Jan 2023 (Poush 30, 2079) | 13th Apr, 2022 (Chaitra 30, 2078) |
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant & Equipment | 3,366,966,424 | 3,454,963,281 | 3,753,081,199 |
| Intangible Assets | 452,926 | 487,686 | 690,852 |
| Investment in Quoted Shares | 219,851,575 | 219,851,575 | 212,571,575 |
| Investment in Subsidiaries | 4,262,135,800 | 4,262,135,800 | 3,665,703,000 |
| Other Non-Current Assets | 37,227,516 | 33,579,164 | 38,067,799 |
| **Total Non Current Assets** | **7,886,634,241** | **7,971,017,506** | **7,670,114,425** |
| **Current Assets** | | | |
| Inventories | 2,032,351,580 | 1,846,680,254 | 2,332,372,647 |
| Financial Assets | | | |
| Trade Receivables | 2,097,026,536 | 2,043,884,000 | 2,064,638,868 |
| Cash & Cash Equivalent | 175,555,109 | 171,867,839 | 154,891,895 |
| Bank Balance (Other than Cash & Cash Equivalent) | - | - | 50,000,000 |
| Others Financial Assets | 30,143,547 | 26,796,573 | 55,929,085 |
| Other Current Assets | 156,125,979 | 438,688,477 | 451,031,135 |
| **Total Current Assets** | **4,491,202,752** | **4,527,917,142** | **5,108,863,631** |
| **Total Assets** | **12,377,836,993** | **12,498,934,648** | **12,778,978,056** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 4,400,000,000 | 4,400,000,000 | 4,400,000,000 |
| Share Premium Reserve | 956,233,911 | 956,233,911 | 956,233,911 |
| Other Reserve & Surplus | 3,735,843,685 | 3,745,014,979 | 3,829,293,335 |
| **Total Equity** | **9,092,077,595** | **9,101,248,890** | **9,185,527,246** |
| **Non Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Long Term Borrowings | 7,681,172 | 8,856,652 | 10,927,486 |
| Deferred Tax Liabilities | 84,665,572 | 91,414,059 | 100,096,404 |
| **Total Non Current Liabilities** | **92,346,744** | **100,270,711** | **111,023,891** |
| **Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Trade Payables | 1,489,503,674 | 1,496,890,946 | 1,677,802,010 |
| Short Term Borrowings | 1,000,700,880 | 1,090,491,557 | 951,107,027 |
| Other Financial Liabilities | 68,266,543 | 157,543,775 | 160,496,475 |
| Other Current Liabilities | 616,981,031 | 541,260,228 | 638,921,003 |
| Provisions | 4,293,625 | 3,905,734 | 17,002,616 |
| Income Tax Liabilities (Net) | 13,666,900 | 7,322,807 | 37,097,788 |
| **Total Current Liabilities** | **3,193,412,653** | **3,297,415,047** | **3,482,426,919** |
| **Total Liabilities** | **3,285,759,398** | **3,397,685,757** | **3,593,450,809** |
| **Total Equity and Liabilities** | **12,377,836,993** | **12,498,934,648** | **12,778,978,056** |

## Unaudited Statement of Profit & Loss For the Period Ended 13th Apr, 2023 (Chaitra 30, 2079)

| Particulars | Shivam Cements | | |
|---|---|---|---|
| | Upto 3 Qtr 2079-80 | Upto 2 Qtr 2079-80 | Upto 3 Qtr 2078-79 |
| **Income:** | | | |
| Revenue From Operations | 5,458,105,987 | 3,343,070,859 | 7,253,392,994 |
| Other Income | 340,188,159 | 323,682,260 | 37,523,572 |
| **Total Income** | **5,798,294,147** | **3,666,753,120** | **7,290,916,566** |
| **Expenses:** | | | |
| Cost of Sales | 4,357,236,120 | 2,625,465,457 | 5,344,672,877 |
| Administration Expenses | 145,460,618 | 97,706,851 | 222,623,052 |
| Selling and Distribution Expenses | 534,653,947 | 328,891,676 | 545,079,261 |
| Depreciation & Amortization | 368,688,746 | 245,163,415 | 358,198,193 |
| Finance Cost | 72,463,490 | 40,040,471 | 45,444,121 |
| **Total Expenses** | **5,478,502,921** | **3,337,267,871** | **6,516,017,503** |
| **Profit/(Loss) Before Tax** | **319,791,226** | **329,485,249** | **774,899,062** |
| Current Tax | 13,579,547 | 7,353,788 | 131,136,841 |
| Deferred Tax | (13,705,867) | (6,957,380) | (11,090,518) |
| **Net Profit/(Loss) For The Year** | **319,917,546** | **329,088,841** | **654,852,739** |

**Notes:** 1) Figures presented above may vary with the audited figures if instructed by regulators and/or statutory auditors.
2) Figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation of financial statement.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४

(नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.व. २०७९।०८० को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**:

**(क) तेस्रो त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण**:

यस संस्थाको तेस्रो त्रैमासिक नाफा नोक्सान तथा वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ। यस अवधीको सम्बद्ध संस्थाहरुसंग भएको कारोवारको विवरण निम्न अनुसार रहेको छ :

| क्र.सं. | सम्बद्ध संस्थाहरूको नाम | कारोवार रकम (मू.अ. कर बाहेक) | |
|---|---|---|---|
| | | खरिद | विक्रि |
| १ | मोर्डन ईन्फाष्ट्रक्चर प्रा.लि. | २५,०७,३२,४६६।५४ | |
| २ | अरविन्द इम्पोरियम प्रा.लि. | २५,६०,१६,१४८।८२ | |
| ३ | सप्तकोशी सिमेन्ट प्रा.लि. | | ३,२०,२४,७७५।१९ |
| ४ | कन्स्ट्रक्शन सोलुशन प्रा.लि. | १,६५,३९१।०६ | |
| ५ | पशुपति सिन्प्याक इण्डष्ट्रिज प्रा.लि. | १,१९,७१,१८६।४० | |
| ६ | टेक्नो जया ज्वयलर्स प्रा.लि. | २,४०,०९,६२१।८७ | |
| ७ | लक्ष्मी लाईम प्रोडक्टस् | | २५,१८,०१७।४० |
| ८ | होङ्सी शिवम् सिमेन्ट प्रा. लि | ५९,९५,८७,१०२।०० | |

**(ख) प्रमुख बित्तीय अनुपातहरू**:

| प्रति शेयर आम्दानी (वार्षिक रू.) | प्रतिशेयर नेटवर्थ रू. | प्रतिशेयर कूल सम्पत्तिको मूल्य रू. | तरलता अनुपात |
|---|---|---|---|
| ९।६९ | २०६।६४ | २८१।३१ | १।४१ |

**२. व्यवस्थापकीय विश्लेषण** :

**क)** सम्लंग्न Unaudited Statement of Profit & Loss मा उल्लेखित Other Income शिर्षक मध्यको रु. **३०,६०,९३,८००।** मात्र सहायक कम्पनी शिवम् होल्डिङस् मार्फत होङ्शी शिवम् सिमेन्ट प्रा.लि. मा गरेको शेयर लगानीको गत वर्ष उक्त कम्पनीले १०.२१ प्रतिशत लाभांश वितरण गरेकोमा सहायक कम्पनीले ९ प्रतिशतका दरले यस आ.ब.मा वितरण गरे बमोजिमको लाभांश अनुसारको रकमलाई Other Income मा देखाईएको छ।

**ख)** समिक्षा अवधिमा संस्थाको मुनाफा तथा विक्री वितरणमा बढोत्तरी हुन नसकेको भएतापनि तरलता लगायतका अन्य कुराहरु सन्तोषजनक रहेका छन्।

**ग) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण**:
विद्यमान अवस्थामा संस्थाले उद्योगको पूर्ण क्षमता अनुसारको उत्पादन र विक्री वितरण गरी उच्च गुणस्तरीय सिमेन्ट आम उपभोक्ताहरुका बीचमा पुर्याउने सम्बन्धि कार्यहरु गरी मानवश्रोतको कार्यक्षमतामा विस्तार गर्नुका साथै समयानुकुल व्यवसायिक कार्ययोजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्ने लगायतका कार्यमा संस्था प्रतिवद्ध रहेको छ।

**घ) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण**:
महंगो बैंक व्याजदर, तरलताको संकुचन, विश्व बजारमा कोईला, डिजेल लगाएतका सामानहरुको अत्याधिक मूल्य बृद्धिको प्रभाव, तेस्रो त्रैमासिक अवधिभर नेपाल विद्युत प्राधिकरणले उद्योगमा अघोषित लोडसेडिङ गरेका कारण बैकल्पिक उर्जाको प्रयोगबाट उद्योग संचालन गर्दा उत्पादन लागत बृद्धि हुन पुगेको, विकास निर्माणका काममा आएको सिथिलता यथावत रहेको, नेपालमा मागको तुलनामा सिमेन्टको उत्पादन अत्याधिक बढि रहेको अवस्था समेतलाई हेर्दा संस्थाले आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्दै बजार प्रर्वर्द्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरुलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरी संस्थालाई असर पर्न सक्ने कुराहरुको सूक्ष्म अध्ययन र विश्लेषण गर्दै कुशल कार्यनीति तथा चुस्त व्यवस्थापन मार्फत ग्राहक संरक्षण नीतिलाई कायमै राख्दै आँउदा दिनमा तात्विक नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियमको तर्जुमा गरी उद्देश्य बमोजिमका कामहरु संचालन गर्दै अघि बढ्ने नीति लिइएको छ। नगद प्रवाह लगायतका कुराहरुमा तत्काल तात्विक असर पर्न सक्ने घटना, अवस्था भने पाइएको छैन।

**३. कानूनी कारवाही सम्बन्धि विवरण**: (यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको जानकारी):

(क) आफ्नो व्यवसायसंग सम्बन्धित कारोवार, खर्च लगायतका विषयमा भए गरेका ठूला करदाता कार्यालयबाट भएका संशोधित कर निर्धारण आदेशका विरुद्ध कम्पनीले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशकज्यू समक्ष तथा श्री राजस्व न्यायाधिकरण काठमाडौं समक्ष पुनरावेदन गरेकोमा सो विषयहरु विचाराधिन रहेका छन।

(ख) यस कम्पनीलाई विगतमा लोडसेडिङ हुदाको बखत नेपाल विद्युत प्राधिकरणबाट हरेक दिन उद्योगको विद्युत कटौती गरी लोडसेडिङ गर्ने गरेको यथार्थ अवस्था रहेको भएता पनि तथा सुविधा नै उपभोग नगरेको अवस्थामा पनि डेडिकेटेड फिडर मार्फत विद्युत उपभोग गरेको भनी डेडिकेटेड दरमा विल गर्ने तथा छुट विल जारी गर्ने र बक्यौता रकम दाखिला गर्नु अन्यथा लाईन काटिनेछ भनी पटक पटक पत्राचार गरेको हुंदा अन्याय पूर्वकको कार्य हुन जाने सम्भावनालाई ध्यानमा राखी कानूनी उपचारका लागि श्री मकवानपुर जिल्ला अदालत समक्ष ने. वि. प्रा. ऐन २०४० बमोजिम नेपाल विद्युत प्राधिकरणका विरुद्ध फिराद पत्र दर्ता गरेकोमा विचाराधिन रहेको छ। साथै सम्मानित श्री उच्च अदालतबाट जारी भएको लाईन नकाट्नु भन्ने समेतको अन्तरकालिन आदेश कायम रहनुका साथै विद्युत महसुल विवादका विषयमा सम्मानित श्री सर्वोच्च अदालतमा रिट निवेदन समेत विचाराधिन रहेका छन। साथै नेपाल विद्युत प्राधिकरणले असुल गर्न नमिल्ने डेडिकेटेड दरको बिल बनाई पत्राचार गरी बक्यौता रकम भुक्तानी गर्नु भनि पत्राचार गर्दा जरिवाना वापत ठूलो समेत रकम जोडी जानकारी गराउने गरेको छ।

(ग) कम्पनीले सिमेन्ट विक्री गर्न नियुक्त गरेका वितरक र सिमेन्ट खरिदकर्ता संस्थाहरुले समयमा रकम भुक्तानी नगरेको विषयमा त्यस्ता केहि संस्था एबम् व्यक्ति समेतका विरुद्ध रकम असुलीका लागि श्री काठमाडौं जिल्ला अदालतमा फिराद दायर गरेकोमा कानूनी प्रक्रियामा मुद्दाहरु विचाराधिन रहेका छन।

घ) वागमती प्रदेश सरकारको आर्थिक ऐन २०७७ र ०७८ बाट सिमेन्टको विक्रिमा ०.२५ प्रतिशत विक्रि कर सरह प्राकृतिक स्रोत कर लगाउने व्यवस्था संविधान र संघिय कानून संग बाझिएको हुँदा ऐनका उक्त व्यवस्था बदर गर्न माग गरी सर्वोच्च अदालत समक्ष रिट निवेदन दायर भएकोमा विचाराधिन रहेको छ।

ङ) कम्पनीका कुनै पनि संचालकका विरुद्ध आर्थिक अपराध गरेको विषयमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन।

**४. संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण**:

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारको सिद्धान्त अनुरुप हुने गरेकोछ।

(ख) यस त्रैमास अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको दिन र शेयर कारोवार संख्या :

| अधिकतम मूल्य रू. | न्यूनतम मूल्य रू. | अन्तिम मूल्य रू. | कारोवार दिन | कारोवार शेयर संख्या |
|---|---|---|---|---|
| ५८२।४ | ३८९।८ | ४०५ | ५६ | ५८,९०,०२४ थान |

**५. समस्या तथा चुनौती**:

तरलताको उपलब्धतामा संकुचन, मागको तुलनामा नेपालमा सिमेन्टको उत्पादन क्षमता बढिहुनु, निर्माणसंग सम्बन्धीत परियोजनाहरुमा सरकारी बजेट न्यून मात्रामा खर्च हुने गरेको लगाएतका कारणबाट थप चुनौती उत्पन्न हुने सम्भावना छ। कोइला, डिजेल, पेट्रोल, लगाएतका इन्धनको मुल्य, रुस-युक्रेन युद्ध समेतको प्रभावका कारण अत्याधिक मात्रामा बृद्धि भएको, नेपाल विद्युत प्राधिकरणबाट हाल उद्योगमा अघोषित रुपमा विद्युत कटौती गरी लोडसेडिङ हुने गरेको समेतका कारण बैकल्पिक उर्जाको प्रयोग गरी डिजि जेनेनेटर चलाई उद्योग संचालन गर्दा उत्पादन लागत अत्याधिक मात्रामा बृद्धि भई उत्पादन मुल्यमा अभिबृद्धि भएको, उत्पादन विक्रि गर्दा सोचेअनुरुपको मुनाफामा ह्रास भईरहेको कारण मुनाफामा अभिबृद्धि नभई ह्रास हुन पुगेको छ। बजारमा आम ग्राहकहरु माझ यस संस्थाको उत्पादनलाई प्रभावशाली बनाई हालको बजार हिस्सा कायमै राखी थप बजार हिस्सा ओगट्न सोही अनुरुपको नीति, रणनीति अवलम्बन गरि संस्थाले विक्री पछि उपलव्ध गराउने निःशुल्क प्राविधिक सेवाहरुको विस्तार, मानव संशाधनको दक्षतामा अभिबृद्धि र चुस्त व्यवस्थापन, खर्चमा मितव्ययिता अपनाई कार्य अवलम्वन गरिएको छ।

**६. संस्थागत सुशासन**:

संस्थागत सुशासन अभिवृद्धिका लागि संस्थाको व्यवस्थापन आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने, आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने, कारोवारलाई चुस्त, छिटो, छरितो बनाउन कारोवार मा आर्कषित हुने ऐन, कानून तथा नियमनकारी निकायबाट जारी भएका नीति, निर्देशनहरु पालना गरी संस्था संचालन गरिएको छ।

**७. सत्य तथ्यताका सम्बन्धमा प्रवन्ध निर्देशकको उद्घोषण**:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन। लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन।